# ११ भविश्यवाणीबाट हामीले पाएको सन्देश

*यस अध्यायमा उल्लेख गरेका बाइबलका मूल अंशहरू:* प्रकाश १०, दानियल १२:४-९, प्रकाश १४, प्रकाश ११:१७,१८, प्रकाश १३, उत्पत्ति ७:११, उत्पत्ति ११:१-९, यर्मिया ५०:५१।

*मूल पद:* "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:६-७।

प्रकाश १२-१४ अध्यायमा ख्रीष्ट र सैतानको बीचमा मतभेदको महान् द्वन्द्वयुद्धको बारेमा वर्णन गरिएको छ। ख्रीष्ट न्यायोचित हुनुहुन्न भन्ने सैतानको आरोप त्यस द्वन्द्वयुद्धको मूल विषय वस्तु हो। दानियल ७ र ८मा दिइएको न्यायको सन्देश त्यस द्वन्द्वयुद्धसँग घनिष्ठ भएको पाइन्छ। प्रकाश १४:६-१२मा तिन स्वर्गदूतका सन्देशहरू प्रस्तुत गरेका छन्। ती सन्देशहरूका मूल विषयवस्तु नै परमेश्वरको सृष्टि, न्याय र सुसमाचार हुन्। येशूको दोस्रो आगमन भन्दा पहिले मानिसहरूलाई तयार होऊ भन्ने परमेश्वरको अन्तिम आग्रह ती पदहरूले देखाउँदछ।

प्रथम स्वर्गदूतको सन्देश यथार्थमा कहिले अनन्तको सुसमाचार (प्रकाश १४:६) हो। त्यो त्यही सन्देश हो जुन् प्रेरितहरूले मानिसहरूको बीचमा प्रचारप्रसार गरेका थिए। उदाहरणमा, " "हैन, तपाईंहरूले यो के गर्नुभएको? हामीहरू पनि तपाईंहरूजस्तै दुःख-सुख झेल्ने मानिस मात्रै हौं। हामी तपाईंहरूलाई परमेश्वरले दिनुभएको सुसमाचार सुनाउन आएका हौं। यस्तो नचाहिंदो काम छोडेर स्वर्ग र पृथ्वी अनि त्यहाँ भएका सबै कुरा सृष्टि गर्नुहुने जिउँदो परमेश्वरलाई मान्नुपर्छ।" प्रेरित १४:१५ र "यस्तो कुरा सुनेपछि तिनीहरू सबै मिलेर परमेश्वरसँग यसरी प्रार्थना गर्न लागे, "हे सर्वशक्तिमान् प्रभु परमेश्वर, आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक तपाईंले नै

बनाउनुभयो।" प्रेरित ४:२४। सुसमाचार भन्ने शव्द केवल प्रकाशको पुस्तकमा यहीँ मात्र पाइन्छ। त्यसकारण जहिले जहिले हामीले संसारको अन्त्यको बारेमा प्रचार गर्छौं तब त्यसको केन्द्रविन्दु सबै समाचारहरूमा "सुसमाचार" हुनुपर्छ भनेर निश्चय गर्नुपर्छ।

## १. निराशको समय (प्रकाश १०)

यूहन्नाले देखेको दर्शनमा एउटा स्वर्गदूतले मुठ्ठा लिएर सन्देश प्रचार गर्दै गरेको थियो। उनको सन्देश के हो? फेरि "भविष्यवाणी" गर भनेको अर्थ के हो? हेर्नुहोस् प्रकाश १०, "१ यसपछि मैले अर्को शक्तिशाली स्वर्गदूत स्वर्गबाट ओर्लिरहेको देखें। उनको जिउलाई बादलले ढाकेको थियो र टाउको वरिपरि इन्द्रेणी थियो। उनको अनुहार घामजस्तो थियो र खुट्टाचाहिँ आगोका खम्बाजस्ता थिए। २ उनको हातमा खोलिएको सानो कागजको मुठो थियो। उनले आफ्ना दाहिने खुट्टाले समुद्रमा र देब्रे खुट्टाले भूमिमा टेके ३ अनि सिंह गर्जेको जस्तो ठूलो सोरले उनी कराए र कराउनेबित्तिकै ती सातै गर्जन गड्याङ्-गुडुङ गरे। ४ ती सातवटा गर्जन गड्याङ्-गुडुङ गर्नेबित्तिकै मैले लेख्न आँटेको थिएँ। तर स्वर्गबाट यसो भन्ने एउटा सोर मैले सुनें, "सातवटा गर्जनले बोलेको कुरा नलेख तर यो कुरा मनमा लुकाइराख।" ५ समुद्र र भूमिमा टेक्ने मैले देखेका ती शक्तिशाली स्वर्गदूतले स्वर्गतिर आफ्नो दाहिने हात उचालेर ६ परमेश्वरको नाउँमा एउटा वाचा बाँधे। सधैं जिउँदो हुनुहुने, आकाश, पृथ्वी, समुद्र र तिनीहरूमा भएका सबै कुरालाई सृष्टि गर्नुहुने परमेश्वरको नाउँमा यो वाचा बाँधिएको थियो। स्वर्गदूतले भने, "अब ढीलो हुँदैन।" ७ तर सातौं स्वर्गदूतले आफ्नो तुरही फुकेपछि परमेश्वरले आफ्ना सेवक अगमवक्ताहरूलाई बताउनुभएको गुप्त योजना पूरा गर्नुहुनेछ। ८ अघि आकाशबाट आएको सोरले फेरि यसो भनेको सुनें, "जाऊ! समुद्र र भूमिमा टेक्ने ती स्वर्गदूतको हातबाट त्यो खोलिराखेको कागजको मुठो लेऊ।"

९ अनि म ती स्वर्गदूतकहाँ गएर त्यो कागज मागें र उनले मलाई भने, "लाऊ, खाऊ! तिम्रो पेटमा त्यो अमिलो हुनेछ तर तिम्रो मुखमा महजस्तो मीठो हुनेछ।" १० दूतको हातबाट मैले त्यो कागजको मुठो लिएर खाएँ। मेरो मुखमा महजस्तो मीठो भयो तर

**खाइसकेपछि त्यो मेरो पेटमा गएर अमिलो भयो। ११ अनि मलाई यस्तो हुकुम भयो, "तिमीले धेरै मानिस, धेरै जाति, धेरै भाषा र धेरै राजाहरूलाई परमेश्वरको वचन फेरि सुनाउनुपर्छ।"**

**त्यस प्रकाशको पुस्तकमा उल्लेख गरेको** स्वर्गदूतको बारेमा वर्णन गर्दा ख्रीष्टको बारेमा (प्रकाश १:१३-१६) र "सुती कपडा लगाएको" परमेश्वर जस्तो मानिस दानियलले देखेको (दानियल १०:५,६, दानियल १२:५-७) अन्तिम दर्शनको बारेमा याद दिलाउँछ। वयान गरेको अनुसार ती स्वर्गदूत एकै हुन्। दानियल १२:६,७मा सुतीको लुगा लगाएको स्वर्गदूतले परमेश्वर वा सधैं जीवित रहनेको नाउँमा साढे तिनवर्ष (१,२६० वर्षहरू)को बारेमा गम्भिर कबूल गरि भविष्यवाणी प्रस्तुत गरिएको थियो। यो दानियल ७:२५मा दिएको महत्त्वपूर्ण भविष्यवाणीलाई फेरि दोहोऱ्याएको हो। परमेश्वरका जनहरूले आक्रमण र भयङ्कर कष्टहरूको सामना गर्नुपर्नेछ भनेर त्यस भविष्यवाणीमा उल्लेख छ। परमेश्वरका जनहरूले पाउनुपर्ने कष्टको बारेमा दानियल १२:७मा पनि उल्लेख गरिएको छ।

समयको अन्तसम्म दानियलको पुस्तक लालमोहर लगाएर बन्द गरिराख्नुपर्दथ्यो। अनि त्यो खोलिने थियो र धेरैले त्यसबाट आत्मज्ञानहरू पाउने भविष्यवाणी गरिएको छ (दानियल १२:४-९)। त्यसको अर्थ दानियलको भविष्यवाणीहरू मानिसहरूले बुझ्न अति उचित हुन्छ। जब भविष्यवाणी अनुसार १,२६० वर्षको अन्त्य हुन्छ तब दानियलको पुस्तक खोल्ने समय आएको हुन्छ। प्रकाश १०मा उल्लेखित स्वर्गदूतको हातमा रहेको खुला पुस्तकले त्यस कुरालाई इङ्गित गर्छ।

फेरि त्यसै वखत प्रकाश १०ले देखाउँदछ कि त्यस पुस्तकमा लेखिएको ज्ञान थाहा पाउँदा रमाइलो हुनेछैन। यूहन्नाले आदेश अनुसार पुस्तक खाए। उनको मुखमा मिठो थियो तर पेटमा पुग्दा तितो भएको थियो। युहन्नाले दानियलको पुस्तक पढ्नेहरूलाई इङ्गित गर्दछ। हामी यो दावी गर्दछौं कि प्रकाश १० अध्यायमा उल्लेखित भविष्यवाणी विलियम मिलरले चलाएको आत्मिक आन्दोलनमा पूरा भयो।*
यो आत्मिक जागरण उन्नाइसौं शताव्धीको प्रथम आदी दशकहरूमा सुरू भएको थियो। त्यसबेला अमेरिकामा मात्र होइन सारा संसारमा संसारको

अन्तको बारेमा जान्ने धेरै मानिसहरूले चासो देखाएका थिए।
----------------------------------------
---------मिलरको आत्मिक आन्दोलन-अमेरिकामा सन् १८३० र १८४०को दशकमा विलियम मिलर नाउँ गरेको मानिसले ठूलो आत्मिक जागरण सुरू गरेका थिए। त्यस जागरणमा येशू सन् १८४४मा दोस्रो पल्ट आउनुहुनेछ भनेर विश्वास गरिएको थियो। तर अपेक्षा गरिएको समयमा येशू आउनुभएन तब इसाईहरूको बीचमा ठूलो नैराश्यता छाएको थियो। कतिले त चर्च पनि जान छोडे। तर तिनीहरूबाट एउटा सानो समूहले बाइबललाई गहिरिएर अध्ययन गरे र त्यसमा महान् सत्यहरू भेट्टाए। ती सत्य वा विद्यामा एकमत हुने झुन्डबाट सेभेन्थ-डे एडभेन्टिस्टको चर्च स्थापना भएको थियो।

दानियलले गरेको लामो भविष्यवाणीहरू बुझ्ने तर त्यस भविष्यवाणीमा उल्लेख गरेका भविष्यवाणी अपेक्षा गरेको अनुसार तिनीहरूको समयमा पूरा नहुँदा तितो नैराश्यता हुनेछ भनेर प्रकाश १० अध्यायमा उल्लेख गरेको पाइन्छ। अर्को अर्थमा भन्ने हो भने “२,३०० बेलुका र बिहान" पवित्र मन्दिरको शुद्धिकरण हुनेछ भन्ने भविष्यवाणी येशू यस संसारमा आउने नभएर दानियल ७मा उल्लेख गरेको अनुसार ठूलो न्यायको सुरू भएको थियो भनेर जनाएको थियो।

तितो वा नैराश्यताको अनुभव पछि यूहन्नालाई फेरि “ यस्तो हुकुम भयो, “तिमीले धेरै मानिस, धेरै जाति, धेरै भाषा र धेरै राजाहरूलाई परमेश्वरको वचन फेरि सुनाउनुपर्छ।” (प्रकाश १०:११)। जब सेभेन्थ-डे एडभेन्टिस्टले त्यस विशेष अनन्तको सुसमाचार सारा देशहरूमा फैलाइरहेको परिप्रेक्ष्यमा त्यो भविष्यवाणी पूरा भएको पुष्टि गर्दछ।

**कुनै पनि इसाईहरूको निम्ति नैराश्यता वा तत्काल आशा भङ्ग कुनै नौलो कुरो होइन। येशूको मृत्यु र उहाँको पुनरुत्थानको बीचमा येशूका चेलाहरूले ठूलो नैराश्यताको सामना गर्नु परेको थियो। येशू चक्रवर्ती राजा हुनुहुनेछ भन्ने तिनीहरूको आशा भङग भएको थियो। सन् १८४४मा पनि विलियम मिलरले चलाएको आत्मिक जागरणमा येशू नआउँदा हजारौं इसाईहरू नैराश्यताको भूमरीमा परेका थिए। हाम्रो विश्वास वा आस्थालाई नडगमगाइ नैराश्यतालाई कसरी सम्हाल्ने?**

तपाईंको आफ्नै जीवनमा आउने विभिन्न निराशहरूको बावजुदपनि परमेश्वरको अडिग रहन बाइबलमा दिएका प्रतिज्ञाहरूलाई तपाईंले कसरी पकडि राख्नुहुन्छ? के ती प्रतिज्ञाहरू तपाईंलाई थाह छ?

## २. परमेश्वरप्रति अगाध श्रद्धा राख (भजन ३४:७-२२)

"परमेश्वरको डर मान" भनेर प्रकाश १४:६,७मा उल्लेखित गरीएको छ। त्यसको अर्थ के हो त? हेर्नुहोस् भजन ३४:१-२२: "१ म सधैं परमप्रभुलाई धन्यवाद दिनेछु,

उहाँको प्रशंसा गर्न म कहिल्यै रोक्नेछैनँ। २ उहाँले गर्नुभएको कामको लागि म उहाँलाई प्रशंसा गर्नेछु। सताइएकाहरू सबै त्यो सुनेर हर्षित होऊन्। ३ मसँग परमप्रभुको महान्ताबारे स्वर उचाल, हामी मिलेर उहाँको नामको प्रशंसा गरौं! ४ मैले परमप्रभुसँग प्रार्थना गरें, उहाँले मलाई उत्तर दिनुभयो, उहाँले मलाई सारा डरदेखि छुटकारा दिनुभयो। ५ सताइएकाहरूले उहाँलाई हेर्छन् र हर्षित हुन्छन्, तिनीहरू कहिल्यै निराश हुनेछैनन्। ६ असहायहरूले उहाँलाई पुकार्छन् र उहाँले उत्तर दिनुहुन्छ, उहाँले तिनीहरूलाई सारा कष्टदेखि बचाउनुहुन्छ। ७ उहाँका आज्ञा मान्नेहरूलाई उहाँका दूतले रक्षा गर्छन् र सारा खतरादेखि तिनीहरूको बचाउ गर्छन्।

८ परमप्रभु कति असल हुनुहुन्छ आफैं खोजेर बुझ, उहाँमा रक्षा पाउनेहरू खुसी रहन्छन्। ९ उहाँका सबै मानिसहरू हो। परमप्रभुको आज्ञापालन गर!

उहाँका आज्ञा मान्नेहरूले चाहिने कुराहरू सबै पाउँछन्। १० आहार नपाएर सिंहहरू पनि भोकै बस्छन्, तर परमप्रभुका आज्ञा मान्नेहरूलाई कुनै असल कुराको खाँचो पर्दैन।

११ मेरा युवा साथीहरू हो! आओ र मेरा कुरा सुन, म तिमीहरूलाई परमप्रभुको आदर गर्न सिकाउनेछु। १२ के तिमी जीवनमा आनन्द गर्न चाहन्छौ?के तिमीले लामो आयु र आनन्द चाहन्छौ? १३ त्यसो हो भने खराब कुरा र झूटो बोल्नदेखि टाढा बस, १४ खराबीदेखि फर्क र भलाइ गर र सारा हृदयले शान्तिको खोजी गर। १५ परमप्रभुले धर्मीहरूको रेखदेख गर्नुहुन्छ र तिनीहरूको पुकार सुन्नुहुन्छ।

१६ तर उहाँले दुष्ट काम गर्नेहरूको विरोध गर्नुहुन्छ र तिनीहरू मरेपछि
सबैले तिनीहरूलाई चाँडै भुल्छन्।
१७ धर्मीहरूले परमप्रभुलाई पुकार्छन् र उहाँले सुन्नुहुन्छ, उहाँले
तिनीहरूलाई सारा कष्टदेखि बचाउनुहुन्छ। १८ परमप्रभु हरेस
खाएकाहरूको नजिकमा हुनुहुन्छ, उहाँले आशा हराएका सबैलाई
बचाउनुहुन्छ। १९ भलो मानिसहरूले धेरै कष्ट पाउँछन्, तर परमप्रभुले
उनीहरूलाई ती सबै कष्टहरूदेखि उद्धार गर्नुहुन्छ। २० परमप्रभुले
तिनीहरूको पूरा सुरक्षा गर्नुहुन्छ, तिनीहरूको एउटै हड्डी पनि भाचिंदैन।
२१ दुष्टलाई खराबीले मार्दछ, धर्मीलाई घृणा गर्नेहरूले दण्ड पाउनेछन्।
२२ परमप्रभुले आफ्ना जनहरूलाई बचाउनुहुनेछ, सुरक्षाको लागि उहाँका
शरण पर्नेहरू बाँच्नेछन्।"

डर वा भय भन्ने शव्दको अर्थहरू धेरै छन्। एक किसिमको डरको अर्थ हो कसैप्रति अगाध श्रद्धा, सम्मान, आदर राख्नु हो। पहिलो स्वर्गदूतले हामीबाट चाहेको कुरो त्यही हो। जो मानिसहरू परमेश्वरप्रति अगाध श्रद्धा राख्छ ती मानिसहरू परमेश्वरका सकली वा सच्चा भक्तहरू हुन् (प्रकाश ११:१८)। यस किसिमको डर, भय वा अगाध श्रद्धाभित्र देहायका गुणहरू हुन्छन्: परमेश्वरको इज्जत, भाऊ, किर्ती खोज्नु र उहाँको आराधना गर्नु (प्रकाश १४:७), उहाँको स्तुती, प्रशंसा गर्नु (प्रकाश १९:५), उहाँका आज्ञाहरू शिरोपर गर्नु वा पालन गर्नु (प्रकाश १४:१२) र उहाँको नाउँलाई महिमामय, प्रतिष्ठामय तथा गौरबमय बनाउनु (प्रकाश १५:४)। पहिलो स्वर्गदूतले दिएको परमेश्वरको भय मान्न भन्ने सन्देश भित्र परमेश्वर न्यायमूर्ती हुनुहुन्छ र सृष्टिकर्ता हुनुहुन्छ भनेर ठम्याउने क्षमता पर्दछ। त्यसैकारण परमेश्वरको मर्यादा राखेर उहाँको आराधना तथा उपासना गर्न पहिलो स्वर्गदूतले आह्वान गर्दछ।

अर्को डर भनेको त्रसित हुनु हो। ढिलो वा चाँडो परमेश्वरले यस संसारलाई न्याय गर्नुहुनेछ। त्यसप्रति डराउनु पनि भय मान्नु हो। दुष्ट, परमेश्वरप्रति बेइमान हुने, उहाँको अस्तित्वलाई अश्वीकार गरि आफ्नो भाऊलाई खोज्दै अरूलाई अत्याचार तथा आतङ्कित बनाउनेहरूको निम्ति न्यायको सन्देश भयावह हुनु स्वभाविकै हो। त्यसैकारण तिन स्वर्गदूतका सन्देशहरूलाई यस संसारलाई सचेत गराउने अन्तिम चेतावनी भनेर हामी प्रायजसो सिकाउँछौं। "चेतावनी"

भन्ने शव्द नै तर्साउने खालको हुन्छ। परमेश्वरलाई नकारेर अनुचित जीवन बिताउनेहरूको गति के हुनेछ भन्ने कुरामा केही न केही डर त हुन्छ नै।

तर कोही पनि नाश नहोस् भन्ने (२ पत्रुस ३:९) परमेश्वरले सबै पापीहरूलाई उहाँतिर फर्क र आआफ्ना पापहरूको पश्चाताप गर भन्ने उहाँको निरन्तर चाहना हो। अनि परमेश्वरमा डर भयो भने अधर्मी वा मुक्ति गुमाउन चाहनेहरू उहाँतिर फर्केला कि भन्ने आशा गर्न सकिन्छ (प्रकाश ११:१३)। यो सत्य हो कि परमेश्वरबाट मुक्ति पाउने आधार नै उहाँको प्रेममा रहेर उहाँसँग सम्बन्ध जारी राख्ने हो। तर कहिलेकाहिँ मानिसहरूको ज्ञानको आँखा खोल्न केही हदमा डरको पनि आवश्यकता हुन्छ।

**"परमेश्वर प्रेम हुनुहुन्छ" भन्ने कुरा सर्वविदितै छ। उहाँको प्रेम कतिको छ भनेर देखाउन क्रुस सदाको लागि साक्षी छ। यस संसारलाई माया गर्नुहुन्छ भनेर पनि हामीलाई थाहा छ। पापले गर्दा ल्याएको नतिजाप्रति परमेश्वर अत्यन्त दुःखित हुनुहुन्छ। तर न्यायमूर्ती, सदाशयी र मायालु परमेश्वरले यस संसारमा भइरहेको अन्याय, अत्याचार, दुराचार, आतङ्क र दुष्टलाई सजायँ नदिइकन सधैं तुलुतुलु हेरेर बस्नु हुन्न। पावलले स्पष्ट रूपमा हामी सबैलाई यसरी सचेत गराएका छन्,** " २९ परमेश्वरकै पुत्रलाई नमान्ने, पापबाट पवित्र पार्ने र परमेश्वरको करार पक्का गर्ने ख्रीष्टको रगतलाई सस्तो कुरा ठान्ने र अनुग्रह दिने पवित्र आत्मालाई नै अपमान गर्ने मानिसलाई कति ठूलो सजाय होला?३० किनभने बदला लिने काम मेरो हो, म साटो फेर्छु भन्नुहुनेलाई हामी चिन्छौं। यसो पनि भनिएको छ, "प्रभुले नै आफ्ना मानिसको न्याय गर्नुहुनेछ।" ३१ जिउँदो परमेश्वरको हातमा पर्नु कति डरलाग्दो कुरो हो।" हिब्रू १०:२९-३१। **हामीप्रति परमेश्वरको प्रेम र हामीलाई सत्यानाश गर्ने दुष्ट तथा खराबीप्रति उहाँको क्रोधको बीचमा हामी कसरी उचित संतुलन राखेर हाम्रो जीवनलाई अगाडि बढाउने वा सार्थक बनाउने?**

## ३. सारा राष्ट्रहरूको क्रोध (प्रकाश १४:७)

**प्रकाश १४:७मा के न्यायको बारेमा चर्चा गरिएको छ? हेर्नुहोस्, "तिनले ठूलो सोरले भने, "परमेश्‍वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्‍वरलाई मान-आदर देओ।"**

ख्रीष्टको आगमन भन्दा पहिले हुने न्यायको बारेमा प्रकाश १४:७मा वर्णन गरिएको छ। उहाँको आगमनको बारेमा प्रकाश १४:१४-२०मा चर्चा गरिएको छ। प्रकाश १४:७मा गरिएको न्यायको बारेमा चर्चा दानियल ७कै मुताविक छ जुन येशू आउनुभन्दा पहिले हुने न्यायको बारेमा छ। (यो दानियलको २,३०० वर्षको भविष्यवाणीको अन्तमा अर्थात् सन् १८४४मा सुरू भएको न्याय हो। येशू आउनु भन्दा अगाडि सबैको जीवनको छानविन सुरू भएको समय त्यो हो। मरेका होस् वा बाँचेका होस्, जो परमेश्वरप्रति बफादार छ वा छैन तिनीहरूको बारेमा छानबिन भइरहेको छ। त्यस छानबिनको अन्त भएपछि को स्वर्गमा जान योग्य हुन्छ र को हुन्दैन भनेर सबैको भविष्य निर्धारण हुन्छ र त्यस अनुसार फल दिन येशू दोस्रो पटक आफ्नो हातमा इनाम सहित यस संसारमा आउनुहुनेछ)।

त्यस तथ्यलाई समर्थन गर्दै पशु र त्यसको प्रतिक वा मूर्तीको आराधना वा त्यसप्रतिको बफादारीता त्याग्दै परमेश्वरतिर फर्क भनेर तिन स्वर्गदूतहरूले आह्वान गरेका छन्। (पशु भन्दा संसारको अन्तमा उदय हुने त्यो शक्तिको प्रतिक हो जसले परमेश्वरले अऱ्हाउनुभएको सातौं दिन शाबथलाई पन्छाएर हप्ताको पहिलो दिन अर्थात् आइतबारलाई प्रभुको दिन भनेर सारा संसारलाई मान्न लगाउने कर गर्दछ। त्यो नमान्नेलाई मृत्यु दण्डको समेत फैसला त्यस शक्ति जो धर्म र राजनितीको आधारमा स्वविवेकक अधिकारलाई कुल्चाइ दिन्छ)।

धर्मको नाउँमा आउने परमेश्वरको नक्कली त्यो शक्ति ४२ महिनाको भविष्यवाणीको समय पछि आउँछ जुन १,२०० दिनको भविष्यवाणीसँग मिल्दछ। (४२ दिनलाई ३० दिनले गुन्दा १,२६० दिन अर्थात् १,२६० वर्ष हुन आउँछ। भविष्यवाणीको अर्थमा प्रायजसो एक दिन बराबार एक वर्ष हुन्छ। हेर्नुहोस्, गन्ती १४:३४, इजकियल

४:५,७)। दुवै समयको अन्त सन् १७९८मा भएको थियो। (प्रकाश १३:४-५, १२-१४) (त्यस बेला रोमन क्याथोलिक चर्चको धर्मगुरू पोपलाई नेपोलियन बोनापार्टले आफ्नो कब्जामा लिएका थिए। त्यसले गर्दा उसको आधिपत्य अस्थाई रूपमा अन्त्यभएको थियो। तर पछि रोमन क्याथोलिक चर्चको शक्ति लगाएर संसारका आम जनतालाई उसले आइतवारलाई पवित्र दिन भनेर पालन गराउने नियम लादिदिनेछ। त्यसको पालन नगर्नेलाई मृत्युदण्ड समेत दिन कानून बनाइनेछ)।

जब प्रकाश १४:६-१२को अन्तिम आह्वान यस संसारमा फैलिन्छ तब परमेश्वरको सदाशयताको ढोका उघारिरहेकै हुन्छ। बेबिलोन अर्थात् परमेश्वरको खिलाफमा जाने शक्तिको पूजा र सत्य परमेश्वरको पूजा गर्न चुन्ने अनुरोध जारी नै भइरहेको हुनाले त्यो ढोका अघारिरहेको हुन्छ।

**परमेश्वरको न्यायमा के समावेश हुन्छ भनेर प्रकाश ११:१७,१८मा दिइएको छ? हेर्नुहोस्, "हे प्रभु परमेश्वर, सर्वशक्तिमान्, जो हुनुहुन्छ र हुनुहुन्थ्यो, हामी तपाईंलाई धन्यवाद चढाउँछौं किनभने तपाईंले आफ्नो ठूलो अधिकार लिनुभएको छ र आफ्नो राज्य सुरु गर्नुभएको छ। जाति-जातिहरू रिसाएका छन्, अब त तपाईंको रिसाउने बेला भयो र मरेकाहरूको न्याय गर्ने बेला आएको छ। तपाईंका सेवकहरू अर्थात् तपाईंका अगमवक्ताहरूलाई, पवित्रजनहरूलाई र तपाईंको नाउँ मान्ने साना-ठूला सबैलाई इनाम दिने र पृथ्वी बिगार्नेहरूलाई नाश पार्ने बेला भएको छ।"**

परमेश्वरले आफ्नो शक्ति देखाएर राष्ट्रहरूमा उहाँको क्रोध प्रकट गर्नुहुन्छ। प्रकाश १३मा त्यस रिसलाई वयान गरेको छ जुन् सैतानबाट सुरू भएको थियो (प्रकाश १२:१७)। दुःख, कष्ट र यातना सहिरहेको विश्वासी भक्तहरूको निम्ति परमेश्वरको न्याय वा क्रोध ढीलो नै भएको जस्तो हुन्छ (प्रकाश ६:१०)। तर त्यो भविष्यवाणीको तिथि अनुसार ठिकै समयदेखि सुरू हुन्छ। त्यो दिन हो शुद्धिकरणको दिन जुन परमेश्वरकै योजनामुताविक भएको हुन्छ (त्यस दिनमा प्रत्येक मानिसले आफ्नो भविष्यको निर्धारण आफैले गरेको हुन्छ अर्थात् येशूको रगतद्वारा प्रदान गरिएको मुक्तिलाई ग्रहण गरेर परमेश्वरमा रहने वा त्यसलाई

अश्वीकार गरि अनन्त मृत्युलाई चुन्ने। अनन्त जीवन रोज्ने वा नरोज्ने सोको आत्मनिर्णय प्रत्येक व्यक्तिको हुन्छ। त्यही निर्णय अनुसार परमेश्वरले आखिरी फैसला प्रत्येक मानिसको हुन्छ)।

प्रकाश ११:१७,१८मा परमेश्वरको न्याय वा उहाँले गर्नुहुने फैसलाको बारेमा छोटो विवरण प्रस्तुत गरेको छ। यो न्याय स्वर्गमा सुरू हुन्छ र पृथ्वीमा अन्त्य हुन्छ। जुने दुष्ट शक्तिले मानिसहरूलाई पाप गर्न उक्साउँछ त्यो शक्तिको नाश परमेश्वरले गर्नुहुनेछ (प्रकाश १९:२)। परमेश्वरको क्रोध स्वर्गको मन्दिरमा सुरू हुन्छ र सातवटा महामारीको रूपमा यस पृथ्वीमा पोखाइनेछ (प्रकाश १५-१८)।

दोस्रो आगमनमा परमेश्वरका भक्तहरू अर्थात् उहाँको नितिमा प्रतिवद्ध भएर चल्नेहरूलाई इनाम दिनुहुनेछ (प्रकाश २२:१२)। अन्तमा परमेश्वरले मरेकाहरूको पनि न्याय गर्नुहुनेछ र यस जगतमा भएका पाप दुष्ट सदाको निम्ति हटाइनेछ (प्रकाश २०:११-१५)। जब सबै घट्नाहरूको अन्त्य हुन्छ तब परमेश्वरको चरित्र जगतका सारा जीवहरूको सामु पारदर्शी भएको पाउनेछ। उहाँमा लगाएको सैतानको मिथ्या आरोप गलत ठहरिनेछ र यथार्थमा परमेश्वरको स्वभाव सफा रहेछ भनेर प्रमाणित हुनेछ। सबैले यो देख्नेछ कि परमेश्वर न्यायी, उचित र उहाँका सबै कामहरूमा सफा हुनुहुन्छ।

तर हामी प्रत्येक विश्वासीमा चुनौति त छ नै। त्यो हो, जुनसुकै अवस्थामा हामी गुज्रीरहनुपरेतापनि हामीहरूको सारा मन, आत्मा, शरी र दिमागले उहाँलाई पक्रि राख्नु। परमेश्वरको आफ्नै समयमा सबै ठोक ठिक हुनेछ भन्ने विश्वासमा हामी अडिग भएर बस्नु पर्छ।

## ४. सृष्टिकर्ता सनातनका परमप्रभु परमेश्वरको आराधना गर (प्रकाश १४:१२)

आराधना वा उपासनामा विषय वस्तु प्रकाशको पुस्तकको मुटु वा केन्द्रविन्दु हो। परमेश्वरको नक्कल गर्ने तिन शक्तिहरू प्रकाशको पुस्तकमा छन्: ती हुन् अजिङ्गर जस्तो पशु वा ड्रागन जो सैतानलाई जनाउँछ (प्रकाश १२:९), समुद्रबाट आएको पशु जो समुद्रको ततमा भएको एउटा देशको आत्मिक शक्ति अर्थात् रोमन क्याथोलिक चर्चको

आधिपत्यको प्रतिक हो (प्रकाश १३:१-१०) र पृथ्वीबाट निस्किएको पशु जो अन्तको समयको भविष्यवाणी पूरा गर्ने शक्तिको चिन्ह अर्थात् ऐतिहासिक दृष्टिकोणबाट प्रमाणित भएको संयुक्त गण राज्य अमेरिका (प्रकाश १३:११-१८)। ती तिन शक्ति मिलेर बनेको अपवित्र गठवन्दन छलपूर्ण छ किनभने ती तिन शक्ति मिलेर मानिसहरूलाई आफूतिर केन्द्रित बनाएर आफूहरूलाई आराधना गराउन लाउँछन्, परमभक्त बनाउँछन् (प्रकाश १३:४,८,१२,१५, प्रकाश १४:९,११)। तर मानव जातिले सृष्टिकर्ताको मात्र उपासना वा आराधना गरोस् भनेर परमपिता सनातनका सृष्टिकर्ता परमेश्वरले आह्वान गर्नुहुन्छ (प्रकाश १४:७)। जो मानिस पशुको प्रतिक वा प्रतिमालाई पूजा गर्दैन त्यो मानिस यस पृथ्वीमा आफ्नो ज्यान गुमाउने खतरामा पर्दछ (प्रकाश १३:१५, दानियल ३)। तर पशुको प्रतिक वा प्रतिमालाई पूजा वा आराधना गर्नेले अनन्त जीवन गुमाउँछ (प्रकाश १४:९-११)।

कसको आराधना गर्ने भनेर रोज्ने आत्मनिर्णयको अधिकार परमेश्वरले मानिसलाई नै सुम्पनु भएको छ।

**खीष्ट र सैतानको बीचको अन्तिम मतभेदको भिषण युद्ध केमा आधारित हुन्छ भनेर प्रकाश १४:१२ले हामीलाई यसरी सिकाउँदछः “परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

आराधनाको सम्बन्ध परमेश्वरका आज्ञाहरूसँग घनिष्ठ छ। प्रकाश १३ र १४मा यस्ता शव्दहरू प्रसस्तमात्रामा प्रयोग गरिएका छन् जसले दश आज्ञालाई याद दिलाउँछः उदाहरणमा “मूर्ती वा प्रतिमा" (प्रकाश १३:१४,१५ र प्रकाश १४:९,११), आकृति र आकृति अर्थात् मूर्तीपुजा (प्रकाश १३:४,८,१२,१५ र प्रकाश १४:९,११), ईश्वरनिन्दा अर्थात् कसैले आफूलाई नै ईश्वर, भगवान वा स्वामी भनेर कहलाउनु र आफूलाई परमेश्वरको हाराहारीमा राख्ने प्रयास गर्नु (प्रकाश १३:१,५,६), परमेश्वरले रोज्नुभएको सातौं दिनको शाबथमाथि हवाला गर्न खोज्नु (प्रकाश १४:७), हत्या (प्रकाश १३:१०,१५) र व्यभिचार (प्रकाश १४:४,८)। स्पष्ट रूपमा एलेन जी ह्वाइटले जनाएको अनुसार अन्तिम “प्रतिस्पर्धा परमेश्वरका दश आज्ञाहरूलाई मान्ने वा मानिसका

आज्ञाहरूलाई मान्नेको" बिचमा हुनेछ।-प्रोफेटस् एण्ड किङ्गस, पृ १८८बाट रूपान्तरित।

विकासवाद सिद्धान्त (थ्योरी अभ इभ्युल्यशन) वा अचानक देखापरेको शुक्ष्मप्राणीबाट विकसित हुँदै मानिस मानिस हुन पुगेको शिक्षाको उदय भएदेखि हामीले ६ दिनको परमेश्वरको सृष्टिको कार्यप्रति प्रतिवद्धता जनाउनु धेरै जरुरी छ। हाम्रो सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने आधार नै यो छदिने सृष्टि हो। यस सृष्टि परमेश्वरको हो भनेर विश्वास गरिएन भने "अनन्तको सुसमाचार" र शाबथ जस्तै अरू विद्या वा शिक्षाहरूलाई समर्थन गर्नु मुश्किल हुन्छ। "परमेश्वरले नै स्वर्ग र पृथ्वी र समुद्र" सृष्टि गर्नुभयो भनेर परमेश्वरको बारेमा जानकारी दिने प्रकाश १४:७ले शाबथ आज्ञालाई औँल्याउँछ (प्रस्थान २०:११)। परमेश्वरका आज्ञाहरूको विषय वस्तुलाई आधार बनाएर परमेश्वर र सैतानको बीचमा भइरहेको मतभेदको महान् संग्रामको केन्दरविन्दु नै शाबथ हो। कुनचाहिँ दिनलाई परमेश्वरको शावथ हो जसले परमेश्वरलाई सृष्टिकर्ता भनेर प्रमाणित गराउँछ त्यसप्रति बफादारी हुने कि मानिसले ठम्याएको दिन वा आइतवारलाई मान्ने? त्यस निर्णयको जवाफले हामी कस्को पक्षमा छौं भनेर देखाउँछ। हामीहरूको चाहना वा इच्छा अनुसार होइन परमेश्वरले नै निर्देशन दिनुभएकोले हामी हप्ताको सातौं दिन अर्थात् शनिवारलाई शाबथ मान्दछौं। सृष्टिको साथसाथै न्याय पनि भइरहेको हुन्छ। "पानीको मूहान" भनेर प्रकाश १४:७ले उत्पत्ति ७:११मा उल्लेख गरिएको विश्वव्यापी जलप्रलयलाई (उत्पत्ति ७:११) याद दिलाउँछ। परमेश्वर संसारको धर्मी न्यायमूर्ती हुनुहुन्छ भनेर त्यसले औँल्याउँछ (पत्रुस ३:५-७)।

**यदि परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने विद्यालाई त्याग्यौं भने हामीले गरेको कुनै पनि विश्वास वा सिकाएका विद्याहरूको औचित्य हुँदैन। आफू नै यस पृथ्वीका स्रस्ता हुँ भनेर यस संसारमा विभिन्न धर्मका प्रवर्धक वा देविदेवताहरूलाई गरेका दावीको खण्डन गरि सनातन परमेश्वर नै एक मात्र सृष्टिकर्ता परमेश्वर हो भनेर स्पष्ट रूपमा किटान गर्ने दिन नै शाबथ हो। तपाईंले शाबथलाई कस्तो गम्भिर रूपमा लिइरहनुभएको छ? यदि आज्ञालाई पालन गरेर तपाईं परमेश्वरसँग कसरी गहिरो सम्बन्ध राख्न प्रयास गर्नुहुन्छ?**

## ५. “सन्तहरूको धिरज" (प्रकाश १४:१२)

पहिलो स्वर्गदूतले गरेको परमेश्वरको आह्वानलाई वेवास्ता गर्नेहरूलाई दोस्रो र तेस्रो स्वर्ददुतका सन्देशहरू चेतावनीको रूपमा प्रकाशको पुस्तकले खोलाएको छ। यदि मानिसहरू जानाजानी गलत बाटोमा हिंडिरहन्छ भने तिनीहरूले परमेश्वरले पठाउनुभएको सात महामारीको चपेटामा पर्नुपर्ने हुन्छ। ती महामारीहरूमा अन्तिम महामारीलाई परमेश्वरको रिसको कचौरा वा मद्य भनेर उल्लेख गरिएको छ (प्रकाश १४:१०)। जो बेबिलो अर्थात् नक्कली आस्थामा अडिग भएर बस्छ त्यसमाथि त्यो मद्य खनाइनेछ।

बाइबलमा बेबिलोन भन्ने शव्दलाई परमेश्वरको खिलाफमा उभिने भनेर उल्लेख गरिएको छ (उत्पत्ति ११:१-९, यर्मिया ५०,५१ भौगोलिक रूपमा खास गरेर एक समयमा प्रभावकारी सभ्यता मानिएको बेबिलोन आधुनिक इराकलाई कहलाइन्छ तर त्यसको चरित्रले परमेश्वरलाई अन्धकार चित्रण गरेको हुनाले परमेश्वरको विरुद्धमा उभिने तत्वलाई बेबिलोन भनिएको हो)। परमेश्वरको स्थानमा आफू बसेको छु भनेर बेबिलोनले घमण्ड गर्दछ। बेबिलोन परमेश्वरका भक्तजनहरूको बैरी हो। नयाँ करारको पुस्तक लेखिने समयमा बेबिलोन रोमको प्रतिक बन्न पुगेको थियो (१ पत्रुस ५:१३)। प्रकाशको पुस्तकमा बेबिलोनलाई वेश्या भनेर सम्बोधन गरिएको पाउँछौं। राजनैतिक र धार्मिक शक्तिको गठबन्धमा परमेश्वरको विद्रोह गर्ने र उहाँका जनहरूलाई सताउने शक्तिलाई बेबिलोन भनिएको छ। त्यस गठबन्धन शक्तिले संसारलाई नै नियन्त्रणमा लिन खोज्छ। जब प्रकाश १३मा उल्लेखित पशुको शक्तिले परमेश्वरका बचेखुचेका जनहरूसँग लड्न राजनैतिक शक्तिसँग मिल्दछ त्यसलाई “बेबिलोन शङ्कट वा समस्या" भनिन्छ भनेर प्रकाश १३:१५-१७मा औंल्याएको छ। बेबिलोन ती चर्चहरू हुन् जुन गलत मार्गमा हिंडेर संसारको दुष्ट राजनैतिक शक्तिसँग मिलोमत्तो गरेर चल्दछन्। अन्तिम समयमा बचेखुचेका वा अवशिष्ट परमेश्वरका जनहरूसँग मिल्न र बेबिलोनबाट निस्कन परमेश्वरका जनहरूलाई तिन स्वर्गदूतहरूले आह्वान गर्दछन् (प्रकाश १८:४,५)। हो, परमेश्वरका जनहरू केही मात्रामा बेबिलोनमा पनि छन् र तिनीहरूलाई

सेभेन्थ-एडभेन्टिस्टले प्रचार गरेको अन्तिम समयको सन्देश सुन्नु आवश्यक छ।

परमेश्वरमा विश्वास गर्ने बाँकिरहेका मानिसहरूको चित्रण प्रकाश १४:१२मा स्पष्ट रूपमा दिएको हामीले अगाडि हेऱ्यौं। “सन्तहरूको धिरज" भन्नुको अर्थ यो होइन कि सत्यमा अडिग नभइ दुष्टहरूको आक्रमणलाई सहेर बस्नु। त्यसको अर्थ ख्रीष्टको आगमनको प्रतिक्षामा रहनु जुनसुकै मूल्य चुकाउन पनि राजी हुनु हो। विश्वासीहरूले परमेश्वरका आज्ञाहरूलाई पालन गर्ने र संसारमा उहाँको बारेमा प्रचार गर्ने नै बाइबलमा दिएको धैर्य धारण गर्नुको अर्थ हो।

फेरि त्यसैबखत “येशूको विश्वास" हुनुको पनि अर्थ छ। संसारको इतिहासको अन्तमा येशूका भक्तजनहरू जुनसुकै कठिन परिस्थितिमा पनि उहाँप्रति बफादारी भएर बस्ने प्रतिवद्धतालाई “येशूको विश्वास" भएको जनाउँछ। निसन्देहः तेस्रो स्वर्गदूतको सन्देशको अन्तमा हामीहरूले ख्रीष्टतिर नजर लगाइ राख्नुपर्छ भनेर देखाउँछ। परमेश्वरकै शदाशयता र असलीपन र उहाँको बफादारिताले गर्दा परमेश्वरका जनहरू उहाँप्रति विश्वासीलो र उहाँका आज्ञाहरू पालन गर्न सक्षम् हुन्छन्। “के तेस्रो स्वर्गदूतको सन्देश विश्वासद्वारा धर्मी ठहरिने सन्देश हो कि भनेर धेरैले मलाई लेखेको छ। र मैले जवाफ दिएँ, ‘ यथार्थमा त्यो तेस्रो स्वर्गदूतको सन्देश नै हो।’" एलेन जी ह्वाइट, *सेलेक्टेड मेशेज,* बुक १, पृ. ३७२बाट रूपान्तरित।

**जब अन्तिम समयमा हुने घट्नाहरू घट्न गइरहेको हुन्छ तब परमेश्वरको दश आज्ञाहरूको सन्देश अत्यन्त महत्त्वपूर्ण हुँदै जान्छ। फेरि त्यसै समयमा विश्वासद्वारामात्र धर्मी वा ठिक ठहरिन्छ भन्ने सन्देश तिन स्वर्गदूतहरूले दिन्छन् भनेर एलेन जी ह्वाइटले भन्नुभएको छ। कठिन वा कष्टको समयलाई हामी पार गर्न येशूमै भरोसा राख्नुपर्छ र उहाँद्वारा पाउने मुक्ति केवल उहाँकै असल काममा भरपर्छ, त्यहीमात्र हाम्रो महान् आशा हो भन्ने विद्यालाई आत्मसात् गर्न तिन स्वर्गदूतका सन्देशहरूले हामीलाई कसरी सहयोग गर्दछ?**

## उपसंहार

**थप जानकारीः** तिन स्वर्गदूतहरूका सन्देशहरूको बारेमा एलेन जी ह्वाइटले उहाँले लेखेको पुस्तक *द ग्रेट कन्त्रोभर्सीमा* उल्लेख गरिएकि छिन्। उदाहरणमा यदि तयो पुस्तकउपलव्ध भए पढ्नुहोसः पृ. २९९-३१६को "हेराल्डस् अभ द मर्निङ्ग", पृ. ३१७-३४२को "आन अमेरिकन रिफोर्मर", ३४३-३५४को "लाइट थ्रु डारकनेस", पृ. ३५५-३७४को "अ ग्रेट रिलिजयस अवेकनिङ्ग।" पहिलो स्वर्गदूतको सन्देशलाई उपरोक्त सामग्रीहरूले वाख्या गरेको छ। दोस्रो स्वर्गदूतले दिएको सन्देशको बारेमा देहायका सामग्रीहरूले वाख्या गरेका छन्ः *द ग्रेट कन्त्रोभर्सीको* पुस्तकको पृ. ३९१-४०८को "प्रोफेसीज फुलफिल्द", पृ. ४०९-४२२को "ह्वाट इज सान्क्टयुरी, पृ. ४२३-४३२को "इन द होली अभ होलिज।" त्यसैगरि तेस्रो स्वर्गदूतको निम्ति सोही पुस्तकको पृ. ४३३-४५० "गडस् ल इम्युटेबल", पृ. ४५१-४६०को "अ वर्क अभ रिफोर्म।"

"इसाई भनेर दावी गर्ने सबै इसाईहरूमा संसारको अगाडि ख्रीष्टलाई उचाल्न सेभेन्थ-डे एडभेन्टिस्ट इसाईहरूले अग्रज स्थान हासिल गर्नुपर्छ। तेस्रो स्वर्गदूतको सन्देश प्रचार गर्नुभनेको शाबथ सत्यको बारेमा प्रचार गर्नुपनि हो। अरू सन्देशहरूसँग त्यस सत्यलाई प्रचार गर्नुपर्छ। तर ती सबै सन्देशको महान् केन्द्रविन्दु येशू ख्रीष्ट हुनुहुन्छ, त्यसकारण सत्यहरूलाई प्रचार गर्ने क्रममा खीष्टलाई कहिलै पनि छोड्नु हुँदैन। सदाशय वा दया र सत्य मिल्ने र धार्मिकता अर्थात् पवित्रता र शान्ति चुम्बा गर्ने थलो ख्रीष्टको क्रुस हो। कलभरीतिर नजर राख्न पापीहरूलाई अगुवाई गर्नुपर्छ। सानो बालकले आफ्ना आमाबाबुलाई सरल तरिकाले जसरी विश्वास र भरोसा राख्दछ, येशूले आफ्नो भक्तको निम्ति के गर्न सक्नुहुन्छ भनेर त्यसरी नै उहाँमाथि विश्वास र भरोसा राख्नुपर्दछ। येशूको धार्मिकता वा पवित्रतालाई उसले स्वीकार गर्नु आवश्यक छ र उहाँको दया र सदाशयतालाई विश्वास गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, गस्पल वर्कर्स, पृ. १५६,१५७बाट रूपान्तरित।

## चिन्तनमनन:

**अ.** मानिसहरू एक आपसमा घुलमिल गर्ने दौरानमा सतर्कताले महत्त्वपूर्ण भाग खेल्दछ। प्रायजसो चेतावनी

भनेको तिनीहरूकै हितको निम्ति हुन्छ जसलाई चेतावनी दिइएको छ। तिन स्वर्गदूतहरूले देखाएका सन्देशहरूमा अचम्मको आशालाई हामीले कसरी पहिल्याएर देखाउने?

आ. विकासवाद सिद्धान्तप्रति कुनै पनि सेभेन्थ-डे एडभेन्टिस्ट सहमत हुँदैन। एक जना कडा नास्तिकले विकासवाद वा थ्योरी अभ इभ्युल्युशनको बारेमा यसरी भनेको थियो कि यो आसिड हो जसले सबै थोकलाई छुनेबित्तिकै त्यसलाई मेटाइदिन्छ। त्यस मेटिने क्रममा प्रकाश १४ अध्यायमा उल्लेखित तिन स्वर्गदूतहरूका सन्देश पनि समावेश हुनसक्छ। तिन स्वर्गदूतका सन्देशहरूका मूल विषयवस्तु नै सृष्टि र मुक्ति हो। विकासवाद सिद्धान्तले ती सत्यहरूलाई छोपेको हुन्छ। हामी चर्चको हैशियतले हाम्रा शिक्षादिक्षालाई विकासवादको नाउँमा गलत विज्ञानले किन कहिलै पनि पोत्नुदिनुहुन्न?

इ. सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा धरोहरको रूपमा प्रकाश १४मा रहेको तिन स्वर्गदुतहरूको सन्देश परमेश्वरबाट चम्किरहेको अन्तिम दिनको निम्ति सन्देश हो। त्यसालाई प्रचार गर्न हामीलाई जिम्मा लगाइदिएको छ। चर्चका धेरै विश्वासीहरूले ती सन्देशहरूलाई सुनेका छन्। कतिको निम्ति त्यसमा भएको सन्देशको यथार्थ अर्थमा अझ केही प्रश्न खडा भइरहेको होला। यस संसारमा परमेश्वरले गर्नुभएको अन्तिम आह्वानलाई तपाईंले कसरी वाख्या गर्नुहुन्छ? त्यस आह्वानमा के समावेश हुनुपर्दछ?

ई. “स्वस्थ जीवन यापन गर्न केहीमात्रामा स्वस्थ भय हुनुपर्दछ।" के इसाई जीवनको निम्ति त्यो उद्गार सत्य हो? यसबारे गहिरिएर सोच्नुहोस्।